मितिः-२०८१/१०/१३

समयः- विहान ८ बजे

स्थानः- आठविसकोट नगर कार्यपालिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको १०३ औं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री रवि के.सी. को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो । उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

| हस्ताक्षर | क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उप प्रमुख | |
| | ३ | श्री राजेश गौतम | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री देव वहादुर घर्ती | १ नं. वडा अध्यक्ष | |
| | ५ | श्री देव वहादुर यरी | २ नं. वडा अध्यक्ष | |
| | ६ | श्री केशरमान वि.क. | ३ नं. वडा अध्यक्ष | |
| | ७ | श्री नरसिं विष्ट | ४ नं. वडा अध्यक्ष | |
| | ८ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ९ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | १० | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | ११ | श्री खकेन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | १२ | श्री जनक वहादुर वटाला | ९ नं. वडा अध्यक्ष | |
| | १३ | श्री गणेश कुमार शाह | १० नं. वडा अध्यक्ष | |
| | १४ | श्री ~~जम्वीर वस्ला~~ प्रेम वहादुर पुन | ११ नं. ~~का~~ वा. वडा अध्यक्ष | |
| | १५ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १६ | श्री टेक वहादुर थापा | १३ नं. वडा अध्यक्ष | |
| | १७ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १८ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १९ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | २० | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| | २१ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | २२ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २३ | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २४ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २५ | रत्ने कामी | कार्यपालिका सदस्य | |

अन्य उपस्थितिः-

| | | | | |
|---|---|---|---|---|
| | १ | श्री गणेश बहादुर थापा | लेखापाल | |
| | २ | श्री निराजन ओली | प्रशासन सहायक पाँचौ | |
| | ३ | श्री कुवेर वस्नेत | सूचना प्रविधि अधिकृत | |
| | ४ | श्री मानवहादुर वटाला | एम.आइ.एस.अपरेटर | |
| | ५ | श्री जय वहादुर वुढा | सहायक लेखापाल | |
| | ६ | श्री जंग वहादुर थामीमगर | प्रशासन सहायक पाँचौ | |
| | ७ | श्री चन्द्रे कामी | का.स. | |

Scanned with CamScanner

**१०३ औं नगर कार्यपालिका बैठक (मिति २०८१/१०/१३ गते)का निर्णयहरु :-**

१. यस आठविसकोट नगरपालिकाको आ.व.२०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) र स्थानीय तह आर्थिक विकास मूल्याङ्कन (LED) को प्राप्त नतिजालाई स्वीकृत गरियो । साथै अनुमोदनको लागि आगामि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

२. यस आठविसकोट नगरपालिकाको आ.व. २०८१/०८२ को अनुसूची १ बमोजिमको संशोधित बजेट तथा कार्यक्रम नगर सभामा पेश गर्ने ।

३. आ.व. २०८१/०८२ को पुष मसान्तसम्मको आय व्यय सार्वजनिकरण तथा कार्य प्रगतिको समिक्षा गरि अनुमोदनको लागि नगर सभामा पेश गर्ने ।

४. यस आठविसकोट नगरपालिकाको आ.व. २०८०/०८१ को आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण प्रतिवेदन छलफलका लागि नगर सभामा पेश गर्ने ।

५. यस आठविसकोट नगरपालिकाको प्रशासनिक कामकाजमा सहजिकरण गर्ने उद्देश्यका साथ नगर कार्यपालिकामा पेश भएका **जलस्रोत तथा मुहान दर्ता कार्यविधि -२०८१, सार्वजनिक कार्यमा श्रमदान गराउने सम्बन्धी मापदण्ड -२०८१, मदिरा बिक्रि वितरण तथा नियमन कार्यविधि-२०८१, व्यापार व्यवसाय दर्ता संचालन कार्यविधि-२०८० संशोधन, वातावरण मैत्री स्थानीय उद्यम व्यवसाय संचालन निर्देशिका-२०८१, खानेपानि सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक – २०८१** स्वीकृतिको लागि नगर सभामा पेश गर्ने ।

६. श्री शहिद स्मृति दिपज्योती नमूना माध्यमिक विद्यालय राडी, आठविसकोट नगरपालिका-९, रुकुम पश्चिमबाट शिक्षकको काज फिर्ता भएको कारणले शिक्षक अभाव भइ विद्यालयमा पठनपाठन कार्य सञ्चालन गर्न असहज भएकोले नि.मा.वि. तह सामाजिक विषय शिक्षकको रुपमा पूर्व विस्तापित शिक्षक श्री चक्र वहादुर मल्ललाई सोही विषयको सोही तहमा नियुक्ति दिने ।

७. यस आठविसकोट नगरपालिकाको तपसिल बमोजिम हुने गरी लेखा समिति गठन गर्ने ।

क) श्री हुकुम वहादुर पुन - संयोजक
ख) श्री सदिक्षा मल्ल – सदस्य
ग) श्री सर्जन कामी - सदस्य
घ) श्री राजेश गौतम – सदस्य
ङ) श्री गणेश वहादुर थापा – सदस्य सचिव

८. यस आठविसकोट नगरपालिकाका नागरिकहरुको बैंक खाता सञ्चालन गर्न असहज भएकोले राष्ट्रिय परिचय वितरण, नयाँ परिचय पत्र निर्माण र नागरिकता सम्बन्धी शिविर सञ्चालन गर्न जिल्ला प्रशासन कार्यालय रुकुम पश्चिमलाई अनुरोध गर्ने ।

९. राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा प्रवाहमा सहजता प्रदान गर्न तालिम प्राप्त जनशक्ति एवम् उपकरण राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागमा माग गर्ने । साथै उक्त शिविर सञ्चालनको लागि आवश्यक जनशक्ति

२०८१/१०/१३
राजेश गौतम
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

सार्वजनिक खरिद नियमावलीको प्रावधान बमोजिम सेवा करार सम्झौता अनुसार सेवा सुविधा आठविसकोट नगरपालिकाले प्रदान गर्ने ।

१०. यस नगरपालिकाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक, अपाङ्ग, एकल महिला लगाएतका नागरिकहरुले बैंकिङ् सेवा लिन असहज भएकोले यस नगरपलिकाको वडा नं. १, २, ३, ४, ५, ६, १३ र १४ मा बैंक स्वयमको उपस्थितिमा वडा सचिव र जनप्रतिनिधिको रोहवरमा वितरण गर्ने व्यवस्था मिलाउन प्रभु बैंक शाखा कार्यालय आठविसकोटलाई अनुरोध गर्ने ।

११. कृतिका कृष्टिना कन्स्ट्रक्सन प्रा. लि. आठविसकोट नगरपालिका- ४, रुकुम पश्चिम) ले"घ" **वर्गको निर्माण व्यवसायी इजाजत पत्र** वितरण सम्बन्धी कार्यविधी, २०७४ अनुसारको प्रक्रिया पूरा गरेकोले "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र दिने ।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

राजेश गौतम
नि. प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner